**निर्णय नं. १** रुपा गाउँ कार्यपालिकाबाट पेश भएको देहाय अनुसारको नीति, बजेट, योजना, कार्यक्रम तथा बजेटलाई स्वीकृत गरियो ।
देहायः

**रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम**

रुपा गाउँपालिका उपाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु, कर्मचारी, पत्रकार एवं उपस्थित सम्पुर्ण महानुभावहरु, नेपालको संविधानले व्यबस्था गरेअनुसार घरगाउँको सकारको रुपमा स्थापित रुपा गाँउपालिकाको तेस्रो वर्षको (सातौं) नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदाँ  अत्यन्त उत्साहित महसुस गरेको छु । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न भएका विभिन्न आन्दोलन तथा संघर्षहरुमा आफ्नो ज्यानको आहुति गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति यस अवसरमा हार्दिक सम्मान प्रकट गर्न चहान्छु । तिनै संघर्षको उपजको रुपमा आज देशमा स्थानीय सरकारको रुपमा हामीले यहाँहरुको मर्म र भावनालाई यथार्थमा परिवर्तन गर्ने अवसर प्राप्त गरेको पनि पुनः स्मरण गर्न चाहान्छु ।नेपालको संविधानले निर्दिष्ट गरे अनुरुप बनेको कानुन अनुसार रुपा गाउँपालिकाले सेवा प्रवाह गर्दै जनताको प्रत्यक्ष सहभागीतामा रुपाको विकासको लागि अगाडी बढिरहेको यहाँहरुलाई अबगत नै छ ।
रुपा गाउँपालिकाको समृद्धि रविकास गर्न नागरीक अधिकार, सबैलाई समान अबसर, सबैको सम्मान सहितको स्तम्भमा आबद्ध गराउँदै सबल र समृद्ध रुपा गाउँपालिका निर्माण गरी **"रुपाको पहिचान सबै क्षेत्रमा समृद्धिको अभियान"** भन्ने मूल नाराका साथ गाउँपालिकाको सबै क्षेत्रहरुमा समान तबरले अगाडी बढाउने गरि कार्य सम्पादन गर्दै आइरहेका छौं । हालसम्म ७० कि.मी बाटो पिच ८० प्रतिशत घरमा एक घर एक धारा, शिक्षा, स्वास्थ्य, कृषि, पशु स्वास्थ्य, पर्यटन लैंगिक समानता लगायतका क्षेत्रहरुको समग्र विकास द्रुत गतिमा अगाडी बढेको समयमा कोभिड १९ कोरोना भाइरस रोगको कारणले प्रभाब परेको यो अबस्थामा रुपा गाउँपालिकाको तर्फबाट कोभिड १९ को रोकथामको लागि रुपाका जनताहरुलाई संक्रमणबाट जोगाउन २४ सै घण्टा स्वास्थ्य चौकीबाट सेवा प्रवाह निशुल्क एम्बुलेन्स सेवा, घर घरमा औषधी वितरण, सबै घरघरमा स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य परिक्षण डाक्टर सेवा, क्वारेन्टाइन निर्माण, सञ्चालन र व्यबस्थापन, आइसोलेसन निर्माण लगायतका कार्यक्रमहरु संचालन गरिएको र अन्य तयारीहरु समेत गरिएको जानकारी गराउँछु। साथै यो महामारीको विषम परिस्थितीमा अग्रपंक्तिमा खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, जनप्रतिनिधी राजनैतिक दल, संघ संस्था लगायत सबैमा धन्यबाद दिन चाहन्छु। र आगामी दिनमा रोग विरुद्ध लड्न अझ प्रभाबकारी नीति लिइने जानकारी गराउँदछु । साथै आगामी दिनहरुमा यसले पारेको प्रभावलाई न्यूनीकरण गर्दै दिगो विकासको लक्ष्य हासिल गर्ने गरी रुपाको विकासलाई अगाडी बढाउने नीति लिइनेछ ।

**आदरणीय गाँउसभा सदस्यज्यूहरु**

रुपाको संमृद्धिको आधार वर्षको रुपमा यस वर्ष उत्पादनमूलक र लगानी मैत्री वातावरण सिर्जना गर्न प्रयाप्त ध्यान दिदै कृषि वर्षको रुपमा मनाउने र पर्याप्त स्वरोजगार सिर्जना गर्ने गरी नीति तथा कार्यक्रम तयार गरिएको छ । जनताको आयस्रोत बृद्धिका लागिकृषि, पशु, खाद्य सुरक्षा,स्वच्छ खानेपानी, स्वास्थ्य, ,शिक्षा, पूर्वाधार विकास र सुशासनलाई मुख्य आधार मानी आवश्यक बजेट विनियोजन गर्ने निति लिइएको छ  ।

**श्रम तथायुवा रोजगार :-**

- कोभिड १९ कोरोना भाइरसको कारण धेरै युवाहरुको देश तथा विदेशमा रोजगारी गुमेको छ । यो विषम परिस्थितीमा यूवाहरुलाई रुपा भित्रै विभिन्न विधामा रोजगारी दिलाउनको लागि गाउँपालिकाको तर्फबाट **यूवा तथा स्वरोजगार कोषको स्थापना गरी पूँजी नभएका व्यबसायीहरुलाई न्यूनतम व्याजदरमा ऋण दिने** नीति लिइने छ ।
- यस वर्ष **बैदेशीक रोजगारबाट फर्केका युवाहरुलाई पुन बैदेशीक रोजगारीमा जानका लागि** निरुत्साहित गर्नका लागि पर्याप्त रोजगारी सिर्जनाका कार्यक्रम अगाडी सारिनेछ ।
- यूवाहरुलाई जनसुकै व्यबसाय गर्दा पनि पहिले तालिमको अनिवार्य रुपमा व्यबस्था गरिनेछ । साथै **बैंक तथा वित्तिय संस्थाहरु संग समन्वय गरी पूँजी नभएका यूवाहरुलाई सहुलियत ऋण गाउँपालिकाको तर्फबाट अनुदानको व्यबस्था गरिनेछ ।**

**कृषि :-**

- आधुनिकीकरण, व्यबसाय र रोजगारीमा ब्यापकता सबै जनता (घरको) व्यबसायीक कृषि पशुमा सहभागीता भन्ने मुल नाराका साथ यस बर्षलाई **कृषि बर्ष**को रुपमा मनाइने छ ।

- **युवा तथा स्वरोजगार कोष मार्फत व्यबसायीक कृषी पेशा गर्न चाहने तर पूँजीको अभाब भएका पेशा गर्न चाहने यूवाको लागि सस्तो व्याजमा रकमको व्यबस्था गरिने छ ।**
- **उत्पादित बस्तु खेर नजाओस तथा बजारीकरणलाई सहज बनाउन कृषी एम्बुलेन्सको व्यबस्था गरि निशुल्क रुपमा कृषि एम्बुलेन्स मार्फत किसानको उत्पादित कृषि उपजगाउँबाट बजारसम्म पुऱ्याइनेछ ।**
- किसानलाई उत्पादित बस्तु बजार सम्म लैजानका लागि समस्या नपरोस भन्ने उद्येश्यले र नयाँ किसानलाई प्रोत्साहन गर्नको लागि **उत्पादनमा आधारीत अनुदानको व्यबस्था** गरिने छ ।
- किसानलाई फलफुल तथा तरकारीको विरुवा सहज रुपमा पाउन र उत्पादन गर्नको लागि समस्या भएकाले **एक वडा एक नर्सरी स्थापना**कार्यक्रम लागु गरिनेछ ।
- आधुनिक तबरले खेती गर्नको लागि जग्गा चक्लाबन्दी गरि नयाँ प्रबिधीका **भौगोलिक बनावट अनुसारको हाते ट्याक्टर, थ्रेसर मकै छोडाउने मेशिन** लगायतका यान्त्रीकिकरणलाई विशेष जोड दिइनेछ ।
- किसानको उत्पादनलाई एकिकृत गरि बजारिकरण गर्नको लागि **प्रत्यक्ष वडामा कृषि उपज संकलन केन्द्र स्थापना** गरिनेछ ।
- व्यक्तिगत तथा समुहमा खेती गरि सामुहिक व्यबस्थापन गराई मल विउ घाँसको व्यबस्थापन गरि किसानलाई व्यबसायीक बनाउनको लागि **जनचेतनामूलक कार्यक्रम तथा सबै कार्यक्रमहरुमा तालिमको व्यबस्था** अनिवार्य गराईनेछ ।
- **साना किसानलाई उत्पादनमा जोड दिई एक घर एक करेसाबारी निर्माणको नीतिलिइनेछ ।**
- रुपा गाउँपालिका भित्र रहेका बाँझो जग्गालाई ब्यवस्थापन गर्न भूमि बैंक मार्फत् जग्गा ब्यवस्थापन गरी लिजमा लिने ब्यवस्था मिलाईएको छ । **जग्गा चक्लाबन्दी गर्नको लागि ५०% अनुदानको ब्यवस्था मिलाईनेछ ।** चक्लाबन्दी गरेको जग्गामा अनिवार्य ब्यवसायिक खेती गर्नुपर्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- एक टोल एक कृषक समूह गठन गरिने छ । जसले गर्दा किसानलाई समूहमा खेती गर्न उत्प्रेरित गर्ने छ ।

<u>पशु :-</u>

- पुँजीको अभाबमा व्यबसाय गर्न चाहने युवालाई **युवा तथा स्वरोजगार कोष मार्फत सस्तो व्याज दरमा ऋण उपलब्ध** गराई स्वरोजगार बनाइने छ ।
- किसानलाई व्यबसायीक पशुपालन प्रेरित गर्नको लागि **एक टोल एक कृषक समूह गठन** गरी व्यबसायलाई व्यापकता लिने नीतिलिइएको छ ।
- अत्यन्त न्यून रुपमा रहेको उन्नत जातको पशुपालन व्यबसायलाई न्यूनतम १० प्रतिशत बनाउन**कृत्रिम गर्भाधारणमा** शतप्रतिशत अनुदान उपलब्ध गराइनेछ ।
- बैंक तथा वित्तीय संस्थाहरुसंग समन्वय गरी **किसानहरुलाई सहुलियत दरमा ऋण प्रबाह** गर्नको लागि आबश्यक समन्वय गरी व्यबसायीक पशुपालन र कृषिमा प्रोत्साहन गरिनेछ ।
- **कृषि र पशुपालन गर्ने किसानलाई समस्या नपरोस भन्ने उद्येश्यले घर घरमा कृषि प्राविधीकको उद्येश्य पुऱ्याउन मोबाइल मोटरसाईकल सेवा प्रबाह गरिनेछ । जसले गर्दा जुन किसानहरु समस्यामा परेको छ तत्काल किसानले कृषि प्राविधिक सेवा प्राप्त गर्नेछन् ।**
- **अव्यबस्थित रुपमा मासुजन्य कटाईलाई व्यबस्थित गर्नको लागि गाउँपालिका भित्रका सबै वडामा एक एक वटा बधशाला निर्माण गर्ने नीति लिइएको छ ।**

<u>पर्यटन :-</u>

- रुपा गाउँपालिका भित्र पर्यटनको गन्तब्य बनाउनको लागि यहाँको भौगोलिक, धार्मीक, सांस्कृतिक रुपमा रहेको रुपाको सम्पत्तिलाई अधिकतम रुपमा प्रयोग गरी पर्यटनको विकास गर्न**सबै डाँडाहरु जोडेर बहुउद्येश्यीय पदमार्ग सहित शान्ती पार्क निर्माण**को बृहत कार्य काम अगाडि बढाइने छ ।
- यस गाउँपालिकाको पौराणीक रुपमा रहेको मठ, मन्दिर, मस्जीद, गुम्बाको संरक्षण गर्दै **एक वडा तिन चौतारी निर्माण कार्यक्रम गरिनेछ । जसले गर्दा बर पिपलको संरक्षणमा पनी योगदान पुग्नेछ ।**
- आन्तरीक तथा बाह्य पर्यटनलाई लक्षीत गरि विभिन्न वडाहरुमा होमस्टे संचालनमा आइरहेको छ भने बाँकी रहेका स्थानहरुमा व्यबस्थित होमस्टे सञ्चालन र प्रवर्द्धन गरिनेछ ।

- पर्यटनको सम्भावना बोकेको यस गाउँपालिकाभित्र विभिन्न वडा तथा स्थानहरुमा भ्यू टावर सम्पन्न भै संचालनमा आएको छ भने बाँकी स्थानहरुमा भ्यू टावरहरुको निर्माण यस वर्ष सम्पन्न गरी संचालनमा ल्याइनेछ । साथै कृषि, वन,पर्यटनलाई समेत प्रबर्द्धन गर्ने नीति लिइएको छ ।

**वन :-**

- **"सामुदायीक वन जनताको आर्थिक समृद्धिको योगदान"** भन्ने मुल नाराका साथ यहाँ भएको काठ, दाउरा, जडीबुटी लगायतका बस्तुको अधिकतम प्रयोग तथा वनको दिगो व्यबस्थापन गरी जनताको आयस्तर बढाउनको लागि वन सम्बन्धी सबैको साझा लगानीमा प्रशोधन उद्योगको रुपमा स्थापना गरी यूवाहरुलाई रोजगारीमा जोडीनेछ ।
- वन संरक्षण र प्रबर्द्धन गर्दै व्यबस्थीत वन सौन्दर्यकरण गरी वन्यजन्तु व्यबस्थापन संगै वन पर्यटनलाई प्रबर्द्धन गरिनेछ । साथै एक सामुदायिक वनलाई नमूना वन नर्सरी उत्पादन गर्न लगाइनेछ । साथै डढेलो नियन्त्रण तथा औजार खरीद गरिनेछ ।

**खानेपानी :-**

- रुपा गाउँपालिका भित्र ८० प्रतिशत घरमा एक घर एक धारा सम्पन्न भएको छ । बाँकी स्थानमा योजनाको संचालन भैरहेको छ । यस वर्ष सबै स्थानमा स्वच्छ र सफा पानी बनाउनको लागि खानेपानी **मुल संरक्षण** को नीति लिइनेछ ।

**स्वास्थ्य :-**

- कोभिड १९ कोरोना भाइरसका कारण विश्वमा नै प्रभाव पारेको यो अवस्थामा रुपाबासी जनतालाईसुरक्षीत बनाउनको लागि कुनै पनी कसुर बाँकी नराखी रोगको रोकथाम, उपचार सहयोगको लागि रकम व्यबस्थापन गर्ने नीति लिइएको छ । स्वास्थ्यकर्मी लगायतको सुरक्षामा विशेष सतर्कता अपनाउने नीति लिइएको छ ।
- विपद व्यबस्थापन कोष खडा गरी खाद्य सुरक्षा र स्वास्थ्य व्यबस्थापन गर्ने नीति लिइने छ ।
- रुपाका जनताको स्वास्थ्यमा पहुँच होस भन्ने हेतुले **सबै वडामा स्वास्थ्य चौकी स्थापना** गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य चौकी नभएका वडा नं.२ र ३ मा वडा नं. ६ र ७ को विचमा रहेको तालबेशीमा स्वास्थ्य चौकी स्थापना गरिनेछ । रुपा गाउँपालिकाको वडा नं. १ को स्यास्त्रीमा आधारभूत स्वास्थ्य सेवा सुचारु गरिनेछ ।
- यस वर्ष बजारसम्म विरामी लैजाने बाध्यात्मक परिस्थीतिलाई कम गर्ने र स्वास्थ्य सेवामा जनतालाई सर्वसुलभ सेवा प्रदान गर्नको लागि अस्पताल निर्माण प्रक्रिया अगाडी बढाइनेछ । जसका लागि आबश्यक पर्ने भौतिक पूर्वाधारको लागि चमेना गृह, फार्मेसी, एम्बुलेन्स, ल्याब व्यबस्थापन गर्ने नीति लिइनेछ ।

**शिक्षा :-**

- रुपा गाउँपालिकालाई शैक्षिक हवको रुपमा विकास गर्ने नीति लिइएको छ । जसको लागि यसै बर्ष **"एक्काइसौं शताब्दीको शिक्षाको आधार प्रविधिपूर्ण शिक्षको उपहार"** का लागि **लागत साझेदारीमा एक शिक्षक एक ल्यापटप उपलब्ध गराइनेछ साथै विद्यालयहरुमा इन्टरनेटको पहुँच विस्तार गरिनेछ ।**
- तालिम प्राप्त शैक्षिक जनशक्ति उपलब्धीपूर्ण नतिजाको प्राप्तीका लागि तालिम कार्यशाला सञ्चालन गरिनेछ । स्थानीय विषयबस्तुको पहिचानका लागि स्थानीय पाठ्यक्रमको विकास गरिनेछ ।
- हालको विषम परिस्थितीमा शैक्षिक गतिविधी सञ्चालन गर्न बैकल्पिक विधिलाई अबलम्बन गरिने छ । स्वास्थ्य र सक्षमताका लागि खेलकुद विकासका लागि कार्यक्रम तय गरिनेछ । विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि बालविकास सहजकर्ता कक्षा शिक्षक तथा प्र.अ. प्रोत्साहन अंग्रेजी माध्ययमको पाठ्यपुस्तक शैक्षिक क्लालेण्डर शिक्षक डायरी पोशाक लगायतका कार्यलाई निरन्तरता दिइएको छ ।
- दक्ष जनशक्ति नै रुपाको विकासको मुल आधार हो, तसर्थ प्रदेश स्तरीय प्राविधीक शिक्षाको लागि रुपा गाउँपालिका भित्रका ३ वटै विद्यालयका शिक्षालाई मर्ज गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने नीति लिइएकोछ ।

**पूर्वाधार विकास :-**

- **नयाँ बाटो र ट्रयाक नखोल्ने नीतिलाई** निरन्तरता दिइएको छ । यस वर्ष गाउँपालिकाको वडा कार्यालय सम्म पिच बाटो पुऱ्याउनको लागि प्रदेश सरकारसंग समन्वय गरी समपूरक कोषबाट साझेदारीमा काम गर्ने नीतिलिइनेछ ।

- रुपा गाँउपालिकाका रणनीतिक महत्वका मुख्य सडकहरु मध्ये शिशुवा पोल्याङटार सडक खण्डमा हाल पिच गर्ने कार्य चलिरहेको छ ।
- रुपाकोट थुम्की सडक खण्ड पिच गर्ने कार्य सम्पन्न भै सकेको छ भने, वेगनास भोर्लेटार सडक खण्ड पिच गर्ने कार्य शुरु भै सकेको छ ।
- रुपा रिङरोड, हाङगे वाङगे , शिवचण्डी मोटरबाटो केन्द्र र प्रदेशको योजनामा समावेश गरी स्तरोन्नती तथा पिचको काम अगाडि बढेको छ ।
- रुपा गाँउपालिकाको केन्द्र फालभञ्जाङ जोड्ने रामकोट रामदी स्तरोन्नति गरी ५.१ कि.मी.अस्पाल पिच गर्नको लागि द्रुत गतिमा काम अगाडी बढेको छ ।
- फालभञ्ज्याङ्ग चिसापानी मो.बा.द्रुत गतिमा पिच गर्ने कार्य अगाडी बढिरहेको छ ।
- गाउँपालिका स्तरीय प्यारापिट सहितको स्टेडियम द्रुत गतिमा निर्माण कार्य अगाडी बढिरहेको छ साथै यसै वर्ष सम्पन्न गर्ने नीति लिइएको छ ।
- गाउँपालिका भित्रका सबै वडामा खेल मैदान बनाउने कार्यक्रमलाई निरन्तारता दिइनेछ । साथै विकास निर्माणको कामको लागि गुणस्तरीयता कायम गर्नको लागि अधिकतम पहल गर्ने नीति लिइने छ ।

**सामाजिक विकास**

- महिला तथा बालबालिकाको आय आर्जन, क्षमता विकासका लागि उपाध्यक्षसंग महिला कार्यक्रम सञ्चालन गरिने छ ।
- दलित समुदायको परम्परागत पेशालाई संरक्षण र आय आर्जनमा उक्त पेशाकोप्रयोगका निमित्त आधुनिकीकरण गर्नका लागि आवश्यक तालिम तथा कार्यक्रम राखिनेछ । साथै दलित,जनजाति, अल्पसंख्यक वर्ग कुमाल, बोटे जलारी, मुश्लिम, अपाङ्ग,सहिद परिवारको आय आर्जन अभिवृद्धि गर्ने उदेश्यले लागतसहभागितामा आधारित व्यवसायीकरण अनुदान तथा तालिमको व्यवस्था मिलाईनेछ ।
- अपाङ्गहरुको आय आर्जन लक्षित गरी गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गर्ने प्रवन्ध गरिनेछ ।
- **रुपा गाउँपालिकामा रहेका जेष्ठ नागरिकहरु गाउँपालिकाका सम्पत्ति भएकाले उनीहरुको पारिवारीक दायित्व बोध गराउनको लागि पारिवारिक मिलान सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **रुपा गाउँपालिका भित्रका ३ स्थानहरुमा (वडा नं. ४, ५ र २ मा) बहुउद्देश्यीय जेष्ठ नागरिक दिवा मनोरञ्जन घर निर्माण सम्पन्न गरिने छ ।**

**वातावरण तथा विपद् ब्यवस्थापन**

- विपद्का दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी आबश्यक बजेट तथा जनशक्ति व्यबस्थापन गरी विपद् बाट हुने क्षति न्यूनीकरण गरिनेछ
- गाउँपालिकामा विपद् व्यबस्थापन कोष खडा भई सञ्चालनमा आइसकेको छ । विपद्को बेला खोज, उद्धार, राहत र पुनस्थापना गर्न विपद व्यबस्थापन कोषमा रकम थप गरी विपद् पछिको उद्धार, राहत र पुर्नलाभमा खर्च गरिनेछ । साथै विपद् व्यवस्थापन तथा उद्धारका लागि हरेक वडामा तालिम संचालन गरिनेछ ।
- विकास निर्माणका काम गर्दा वातावरणमैत्री विकास गर्न जोड दिइने छ । जलवायु अनुकूलनका कार्यक्रम सञ्चालन गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनका मुलभूत मान्यतालाई आत्मसाथ गरिने छ । भु संरक्षण र जलाधार संरक्षणमा जोड दिइने छ ।
- बाढी पहिरो नियन्त्रणको लागि लागत सहभागितामा आधारित भई तारजालिको वितरण गरिनेछ।
- सामुदायिक वनको संस्थागत विकासमा आवश्यक काम गरिनेछ ।

**सुशासन ,संस्थागत विकास, सेवा प्रवाह र विविध**

- रुपा गाउँपालिकामा आगामी वर्ष सबै वडाहरुमा डिजिटल वडापत्रको व्यवस्था गरिनेछ ।
- सार्वजनिक सेवा प्रवाह र शुसासन नतिजामूलक व्यबस्थापनको नीतिलाई अबलम्बन गरी सेवा प्रबाहलाई नागरीक र विकासमैत्री बनाईनेछ ।

- सार्वजनीक सेवालाई पारदर्शी, जवाफदेही, उत्तदायी र नागरीकमैत्री बनाइनेछ । गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ । सुशासनका लागि सार्वजनिक सेवा प्रवाहलाई सरलिकृत गरिनेछ ।
- गाउँपालिकाको नियमित सार्वजनिक सुनुवाई र सामाजिक लेखा परिक्षणका कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय तहको बजेट तर्जुमा, खर्चको लेखाङ्कन र एकीकृत प्रतिवेदन गर्ने प्रयोजनका लागि SuTRA लागु गरी लेखाङ्कन व्यबस्थित गरिने छ ।
- सार्वजनिक सेवालाई विद्युतीय प्रणाली मार्फत संचालन गर्न जोड दिइनेछ ।
- जनताले पाउने न्याय सम्बन्धी सेवा पाउनकालागि न्यायीक पद्धतीलाई प्रभावकारी बनाइने छ । साथै हरेक वडाहरुमा मेलमिलाप कर्ता साथै मेलमिलाप केन्द्रहरुको स्थापना गरिने छ ।
- स्रोत साधनका अबैध र अत्याधिक दोहनको नियन्त्रण र व्यवस्थापन गर्न उपर्युक्त नीति बनाई व्यवस्थित गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सबै जनप्रतिनिधी र कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ ।
- विकास योजना तथा सेवा प्रवाहको कार्यान्वयन पक्षलाई प्रभावकारी, नतिजामुखी, गुणस्तरीय, जवाफदेही बनाउन अनुगमन र मूल्याङ्कन प्रणाली थप प्रभावकारी बनाइने छ ।
- डिजिटल भिलेज प्रोफाइललाई पूर्णता दिई सोको तत्थ्याङ्कका आधारमा लक्षित बर्गका कार्यक्रम संचालन गरिनेछ ।

**अन्त्यमा,**

अहिलेको कोभिड १९ कोरोना भाइरस बाट उत्पन्न यस विषम परिस्थितीमा अहोरात्र खटिनुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी, कर्मचारी, राजनैतिक दल, संघ संस्था लगायत सबैमा पुन : धन्यबाद दिन चाहन्छु ।

समृद्ध रुपा बनाउनको लागि शुर्सासन पारदशिता जवाफदेहिता र विकासका निमित्त अन्य योजना समाबेश गर्दे **" समृद्ध नेपालसुखी नेपाली "** बनाउन सबै क्षेत्रमा विकास गर्नको लागि सबै पक्षलाई समेटी प्रदेशको नीतिअनुसारको "समृद्ध प्रदेश र सुखी नागरीक" को उद्देश्य पूरा गर्न प्रदेश तथा केन्द्रको समन्वयमा स्मार्ट रुपाको विकास गरिने विश्वास दिलाउँदै नीति तथा कार्यक्रम बनाउनका लागि सहयोग गर्नुहुने जनप्रतिनिधी कर्मचारी, बुद्धिजीवि, राजनीतिक दलका प्रतिनिधि तथा रुपाबासी जनसमुदाय सबैलाई धन्यबाद ज्ञापन गर्दछु ।

धन्यबाद ।

अध्यक्ष
(नवराज ओभा)
रुपा गाउँपालिका कास्की ।

<u>**निर्णय नं. २.**</u> रुपा गाउँपालिकाले आ.ब. २०७७/०७८ को लागि राजश्व परामर्श समितिले पेश गरेको निम्नानुसारको राजश्वको दर रेट स्वीकृत गरी रुपा गाउँ कार्यपालिकाबाट स्वीकृतीको लागि पेश भएको रुपा गाउँपालिकाको आर्थिक ऐन, २०७७ स्वीकृत गरियो ।

निम्न:

| क.सं. | प्रस्तावित एकिकृत सम्पत्ति करको दर | प्रस्तावित दर वार्षिक कर | कैफियत |
|---|---|---|---|
| १ | रु १०००००० सम्म | २५-२०० | |
| २ | रु १ देखि ५००००० सम्म | १०० | |
| ३ | रु ५००००१ देखि ७५०००० सम्म | १५० | |
| ४ | रु ७५०००१ देखि १०००००० सम्म | २०० | |
| ५ | रु १००००००१ देखि २०००००० सम्म | २५०-४०० | |
| ६ | रु १०००००१ देखि १२५०००० सम्म | २५० | |
| ७ | रु १२५०००१ देखि १५००००० सम्म | ३०० | |
| ८ | रु १५०००००१ देखि १७५०००० सम्म | ३५० | |

| | | | |
|---|---|---|---|
| ९ | रु १७५०००१ देखि २०००००० सम्म | ४०० | |
| १० | रु २००००0१ देखि ३०००००० सम्म | ५००-१००० | |
| ११ | रु २००००0१ देखि २२५०००० सम्म | ५०० | |
| १२ | रु २२५०००१ देखि २५००००० सम्म | ६५० | |
| १४ | रु २५०००0१ देखि २७५०००० सम्म | ८०० | |
| १५ | रु २७५०००१ देखि ३०००००० सम्म | १००० | |
| १६ | रु ३००००0१ देखि ५०००००० सम्म | १२००-३००० | |
| १७ | रु ३००००0१ देखि ३५००००० सम्म | १२०० | |
| १८ | रु ३५०००0१ देखि ४०००००० सम्म | १६०० | |
| १९ | रु ४००००0१ देखि ४५००००० सम्म | २२०० | |
| २० | रु ४५०००००१ देखि ५०००००० | ३००० | |
| २१ | रु ५०००००० देखि १०००००००० सम्म | १०००० | |
| २२ | रु ५००००००१ देखि ६०००००० सम्म | ४००० | |
| २३ | रु ६००००0१ देखि ७०००००० सम्म | ५००० | |
| २४ | रु ७००००0१ देखि ८०००००० सम्म | ६००० | |
| २५ | रु ८००००0१ देखि ९०००००० सम्म | ८००० | |
| २६ | रु ९००००0१ देखि १०००००० सम्म | १०००० | |
| २७ | रु १००००००१ देखि ५००००००० सम्म | २५०००-६०००० | |
| २८ | रु १०००००००१ देखि २००००००० सम्म | २५००० | |
| २९ | रु २००००0१ देखि ३००००००० सम्म | ३५००० | |
| ३० | रु ३००००००१ देखि ४००००००० सम्म | ४५००० | |
| ३१ | रु ४००००००१ देखि ५००००००० सम्म | ६०००० | |
| ३२ | रु ५००००००१ देखि माथि | दुई रुपैंया प्रति हजारमा | |

## भूमिकर मालपोत

| क.सं. | विवरण | आ वा ०७४/०७५ लाई प्रस्तावित कर/शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | ५ रोपनि सम्म | २० | |
| २ | ५ रोपनि देखि १० रोपनि सम्म | रु ५ प्रति रोपनि थप | |
| ३ | १० रोपनि देखि माथि | रु ६ प्रति रोपनि थप | |

## संरचनाको ह्रास कट्टी दर :-

| संरचनाको आयु | संरचनाको किसिम | | | | |
|---|---|---|---|---|---|
| | आर सि.सि. फ्रेम स्टक्चर | सिमेण्ट जोडाइमा इट्टा वा ढुंगाको गारो - आर.सि.सि. छाना | माटोको जोडाइमा इट्टा वा ढुंगाको गारो-आर.सि.सि. वा सिमेण्ट जोडाइमा इट्टा वा ढुंगाको गारो-जस्ता/टायलको छाना | माटोको जोडाइमा इट्टा वा ढुंगाको गारो-जस्ता/टायलको छाना | सेड वा कच्ची घर |

| | | | | | |
|---|---|---|---|---|---|
| १-३ वर्ष | ६ | ९ | १२ | १५ | २० |
| ३-६वर्ष | १२ | १८ | २४ | ३० | ४० |
| ६-९ वर्ष | १८ | २७ | ३६ | ४५ | ६० |
| ९-१२ वर्ष | २४ | ३६ | ४८ | ६० | ८० |
| १२-१५ वर्ष | ३० | ४५ | ६० | ७५ | ९० |
| १५-१८ वर्ष | ३६ | ५४ | ७२ | ९० | ९० |
| १८-२१ वर्ष | ४२ | ६३ | ८४ | ९० | ९० |
| २१-२४ वर्ष | ४८ | ७२ | ९० | ९० | ९० |
| २४-२७वर्ष | ५४ | ८१ | ९० | ९० | ९० |
| २७-३०वर्ष | ६० | ९० | ९० | ९० | ९० |
| ३०-३३वर्ष | ६६ | ९० | ९० | ९० | ९० |
| ३३-३६वर्ष | ७२ | ९० | ९० | ९० | ९० |
| ३६-४०वर्ष | ७८ | ९० | ९० | ९० | ९० |
| ४०-४३वर्ष | ८४ | ९० | ९० | ९० | ९० |
| ४३-४६वर्ष | ९० | ९० | ९० | ९० | ९० |
| ४६ भन्दा माथि | ९० | ९० | ९० | ९० | ९० |

## घर बहाल कर-

| क्र.सं. | विवरण | आ वा ०७७/०७८ लाई प्रस्तावित कर/शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | संघ संस्था, सरकारी कार्यालय गोदाम भाडामा दिने | १० प्रतिशतका दरले | |

## व्यवसाय कर-

| क्र.सं. | विवरण | आ वा ०७४/०७५ लाई प्रस्तावित कर/शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | फेन्सी खुद्रा सामान गाडीद्धारा घुमाएर बेच्नेहरुका लागी प्रतिदिन | १००/५० | |
| २ | खाद्यान्न सामान गाडीद्धारा घुमाएर बेच्नेहरुका लागी प्रतिदिन | १००/५० | |
| ३ | आलु तरकारी गाडीद्धारा घुमाएर बेच्नेहरुका लागी प्रतिदिन | ५० | |
| ४ | पोका वा झोलामा सामान राखि मोटर साइकल वा मानिस आफैले बेच्ने प्रतिदिन | ५०/२० | |
| ५ | नदिमा ऱ्याफ्टीङ गर्ने पर्यटकहरुका लागी प्रति व्यक्ति प्रति पटक | २० | |
| ६ | रांगा, भैंसी, बंगुर प्रतिगोटा | १० | |
| ७ | खसी बोका प्रति गोटा | ५ | |
| ८ | हांस, कुखुरा र अन्य पंक्षी प्रति गोटा | २ | |
| | डोका र डालामा तरकारी तथा फलफुल राखी बजारमा घुमाएर बेच्ने किसानहरुका हकमा पटके व्यवसाय कर लिईने छैन | | |
| | | | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवसायको विवरण (स्तर) | करको श्रेणी- क | करको श्रेणी- ख | करको श्रेणी- ग |

| | | | | |
|---|---|---|---|---|
| ९ | **पर्यटन उधोग** | | | |
| क | होमस्टे | ३०० | २०० | १०० |
| ख | होटल, लज एवं साधारण होटल | १००० | ५०० | २०० |
| ग | रेष्टुरेन्ट-म :म तास, सेकुवा आदी | ८०० | ४०० | २०० |
| १० | **ब्यापारीक वस्तु** | | | |
| क | खाद्यान्न किराना डिलर र खुद्रा | १००० | ६०० | ३०० |
| ख | कपडा पसल- थोक एवं खुद्रा | ८०० | ४०० | २०० |
| ग | आयल पम्प | १५०० | | |
| घ | विद्युत सामान तथा विद्युतिय सामाग्री टि.भि,घडी,रेडियो विक्री | ५०० | ३०० | २०० |
| ङ | हेभी इक्विपमेन्ट बस ट्रक कार मोटर साइकल मर्मत कारखाना तथा टायर मर्मत केन्द्र | २००० | १५०० | १००० |
| च | निर्माण सामाग्री- हाईवयर पसल | १५०० | १००० | ५०० |
| छ | सुनचांदी पसल- ज्वेलरी | १५०० | १००० | ५०० |
| ज | फेन्सि पसल | १५०० | १००० | ५०० |
| झ | उनी धागो पसल | ३०० | २०० | १०० |
| ञ | जुत्ता चप्पल पसल | ५०० | ३०० | २०० |
| ट | सपिङ सेन्टर | १५०० | १००० | ५०० |
| ११ | **अन्य सेवा** | | | |
| क | विविध श्रृङार पसल/ खुद्रा | ५०० | ३०० | २०० |
| ख | केवुल नेटवर्किङ | १००० | ५०० | |
| ग | पुलवोर्ड | १००० | ५०० | |
| घ | भिडियो गेम- प्रति स्किम रु २०० | २०० | | |
| ङ | पुस्तक तथा पत्रिका पसल | ५०० | ३०० | २०० |
| च | नर्सरी र फलफुलका विरुवा विक्रिवितरण | ३०० | २०० | १०० |
| छ | संस्थागत पेन्टर | १५०० | १००० | ५०० |
| ज | तरकारी पसल | ३०० | २०० | १०० |
| झ | वीज भण्डार | ५०० | ३०० | २०० |
| ञ | मासु पसल | ५०० | ३०० | २०० |
| ट | कपडा सिलाई | ५०० | ३०० | २०० |
| ठ | हेयर कटिङ | ३०० | | |
| ड | आर्ट | २०० | | |
| ढ | फोटो स्टुडियो | ५०० | ३०० | २०० |
| न | रंगरोगन पसल | ५०० | ३०० | २०० |
| प | चश्मा पसल | ३०० | | |
| १२ | **मर्मत संभार** | | | |
| क | रेडियो, टि.भि, घडी, प्रेशर कुकर हिटर टेलिफोन सेट पंखा तथा स्टोप विद्युत सामाग्रि मर्मत केन्द्र | ५०० | ३०० | २०० |
| ख | हेभी इक्विपमेन्ट बस ट्रक कार मोटर साइकल टेम्पो साइकल मर्मत कारखाना तथा टायर मर्मत | २००० | १००० | ५०० |
| १३ | **सेवा उद्योग** | | | |
| क | ड्राइभिङ इन्स्टिच्युट | ५०० | | |
| ख | चलचित्र मन्दिर | २५०० | | |
| ग | ल्याव तथा फोटो ग्राफी | १००० | ८०० | ५०० |
| घ | छापाखाना | १००० | ८०० | ५०० |
| १४ | **कृषि तथा बनजन्य उद्योग** | | | |
| क | कृषि बन प्रदावारमा आधारीत उद्योग व्यवसाय फर्निचर उद्योग आदी | २००० | १५०० | १००० |
| १५ | **उर्जामुलक** | | | |

| | | | | |
|---|---|---|---|---|
| क | बायो ग्यांस तथा सौर्य प्रविधि अन्य श्रोतहरु | १००० | | |
| ख | उत्पादकमुलक उद्योग | ५०० | | |
| ग | पाउरोटी भण्डार | ५०० | | |
| घ | राईस मिल | १००० | | |
| ङ | आईसक्रिम उद्योग तथा पसल | ५०० | | |
| १६ | **वित्तिय सेवा** | | | |
| क | वित्तिय सेवा र सहकारी संस्था | ५००० | ३००० | १००० |
| ख | रेमिटेन्स सेवा | १००० | | |
| १७ | **स्वास्थ्य सेवा** | | | |
| क | निजी तथा गैह्रसरकारी अस्पताल | २००० | १५०० | १००० |
| ख | नर्सिङ होम | १००० | ८०० | ५०० |
| ग | क्लिनिक तथा ल्याव | ५०० | | |
| घ | दांत बनाउने पसल | ५०० | | |
| १८ | **शिक्षा सेवा** | | | |
| क | नि.जि क्षेत्रका बोर्डिङ स्कुल क्याम्पस उ.मा.वि. मा.वि. र प्रा.वि | १००० | ८०० | ५०० |
| ख | टाईपिङ कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ५०० | ३०० | २०० |
| ग | सिलाई, बुनाई प्रन्टिङ प्रशिक्षण | ५०० | ३०० | २०० |
| घ | टेक्निकल इन्स्टिच्युट | १००० | | |
| ङ | निर्माण व्यवसायी गाउंपालीकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा क,ख,ग,घ | ५००० | २००० | १००० |
| १९ | **संचार सेवा** | | | |
| क | निजी क्षेत्रका कुरियर फ्याक्स इमेल इन्टरनेट टेलिफोन | ५०० | | |
| २० | **विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | | | |
| क | चिकित्सक विशेषज्ञ (स्वा साहायक कविराज) | ५०० | ३०० | २०० |
| ख | ले फर्म | १००० | | |
| ग | कन्सल्टेन्सि फर्म (इन्जिनियर र आ) | २५०० | | |
| घ | ज्योतिस | ५०० | | |
| ङ | अडिटर फर्म (क,ख,ग,घ) | १००० | ८०० | ७०० |
| २१ | **अन्य व्यवसाय** | | | |
| क | कवाडी सामानको थोक विक्रेता | १००० | ५०० | ३०० |
| ख | टेण्ट हाउस | ६०० | | |
| ग | लाउण्ड पसल | ५०० | | |
| घ | माटो को भांडा बनाउने | २०० | | |
| ङ | मिठाई पसल | ५०० | | |
| च | मादल पसल | ३०० | | |
| २२ | **सा. उद्योग** | | | |
| क | कटिङ ढुंगा उद्योग | १००० | | |
| ख | इट्टा भट्टा | २००० | | |
| ग | ग्रिल उद्योग | १००० | ८०० | ५०० |
| घ | ब्लक उद्योग | १००० | ८०० | ५०० |
| ङ | अन्य उद्योग | १००० | ८०० | ५०० |
| च | गिट्टी ढुङगा- प्रति क्यू फुट | २:०० | | |
| छ | वालुवा- प्रति क्यु फुट | २:०० | | |
| ज | कटीङ ढुङगा-प्रति ट्रक | २५०० | | |
| झ | छपनि सादा ढुङगा प्रति ट्रक | २००० | | |
| ञ | कटीङ ढुङगा | २००० | | |

| | | | | |
|---|---|---|---|---|
| ट | छपनि सादा ढुङगा | १००० | | |
| ठ | काली माटो र रातो माटो ट्रक | २०० | | |
| ड | काली माटो र रातो माटो-ट्र्याक्टर | १०० | | |
| ढ | काली माटो र रातो माटो- पावर ट्रेलर | ५० | | |

## सवारी साधन कर-

| क्र.सं. | विवरण | आ वा ०७४/०७५ लाई प्रस्तावित कर/शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | बस, ट्रक लहरी | १००० | |
| २ | मिनिबस, ट्रक (६ पांग्रे) | ६०० | |
| ३ | मिनिबस, ट्रक (४ पांग्रे) | ५०० | |
| ४ | भाडाको कार जिप | २०० | |
| ५ | निजी कार भ्यान, जिप पिकअप | ५०० | |
| ६ | ट्याक्टर ठुलो ४० हर्ष पावर भन्दा माथि | ५०० | |
| ७ | ट्याक्टर सानो ४० हर्ष पावर भन्दा सानो | ३०० | |
| ८ | स्कुटर मोटरसाईकल | १०० | |
| ९ | ठेला तथा रिक्सा | १०० | |
| १० | सफा टेम्पो | २०० | |
| ११ | गोरु गाडा | ० | |
| १२ | पावर टेलर | २०० | |
| १३ | लोडर डोजर र एक्साभेटर (भ्याकुम) | २००० | |
| | **पटके सवारी कर** | | |
| १ | बस ट्रक | ३० | |
| २ | लहरी (६ टायर भन्दा बढी) | ३० | |
| ३ | ट्याक्टर ठुलो (४० हर्ष पावर भन्दा घटी) | ३० | |
| ४ | मिनि बस ट्रक | ३० | |
| ५ | ट्याक्टर सानो ४० हर्ष पावर भन्दा घटी | ३० | |
| ६ | निजी कार भाडा कर | २० | |
| ७ | ट्याम्पो | २० | |
| ८ | खच्चर गधा | ० | |
| ९ | बिदेशी ट्रक | ६० | |
| १० | बिदेशी कार ट्याक्सी | ६० | |

## विज्ञापन कर-

| क्र.सं. | विवरण | आ वा ०७४/०७५ लाई प्रस्तावित कर/शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | साईनबोर्ड, ग्लोबोर्ड,स्टल आदीमा २५ वर्गफुट भन्दा माथि वार्षिक | ५०० | |
| २ | साईनबोर्ड, ग्लोबोर्ड,स्टल आदीमा २५ वर्गफुट सम्म वार्षिक | ३०० | |
| ३ | तुल व्यानर एक हप्ताको लागि | ५० | |
| ४ | तुल व्यानर एक हप्ता भन्दा बढि एक महिना सम्म | १०० | |

| | | | |
|---|---|---|---|
| ५ | नोट : १० वर्गफुट सम्मको आफ्नो व्यवसाय प्रचार प्रसारको होडिङ वोर्ड निशुल्क | | |

## सेवा शुल्क, दस्तुर -

| क्र.सं. | विवरण | आ वा ०७७/०७८ लाई प्रस्तावित कर/शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | **सिफारिस** | | |
| क | नाता प्रमाणित - (नेपाली) | ३०० | |
| ख | नाता प्रमाणित - (अंग्रेजीमा) | ५०० | |
| ग | राहादानी सिफारीस (भारतको लागी) | ३०० | |
| २ | **घर जग्गा नामसारी । हकवाला प्रमाणित** | | |
| क | वसोवास योग्य पिच मोटर वाटो/ भिरपाखा | ३०० थप | |
| ख | वसोवास योग्य कच्चि मोटर वाटो/ भिरपाखा | ३००/१५० प्रति रोपनि रु २० | |
| ग | वसोवास योग्य बाटो नभएको/ भिरपाखा | २००/१०० प्रति रोपनि रु २० | |
| ३ | **घर कायम सिफारीस** | | |
| क | पक्की घर कायम | १५०० | |
| ख | कच्ची घर कायम | ५०० | |
| ग | पेनसन कार्ड वा सो सम्वन्धी अन्य सिफारीस | ५००/१००० | |
| घ | हक वाला संरक्षण सम्वन्धी सिफारीस | ३०० | |
| ङ | संघ संस्था दर्ता सम्वन्धी सिफारीस | १०००/५०० | |
| च | निजी विद्यालय दर्ता र स्तर वृद्धि प्रा. वि/ नि.मा.वि/ वा सो भन्दा माथि | ६०००/१००००/१२००० | |
| ४ | **काठ दाउरा को सिफारीस** | | |
| क | कटानी | १०००/५०० | |
| ख | निकासी | २०००/१००० | |
| ग | अंग्रेजी रुपान्तर | ५०० | |
| घ | वंशज को नागरिकता सम्वन्धी सिफारीस र प्रतिलिपि सिफारीस | २०० | |
| ङ | अंगीकृत नागरिकता सम्वन्धी सिफारीस | १००० | |
| च | नाम छुटको सिफारीस | ३०० | |
| ट | सनाखतको सिफारीस | ३०० | |
| ज | जन्म, मृत्यु सम्वन्धी सिफारीस | ३०० | |
| झ | स्थायी वसोवास सम्वन्धी सिफारीस | ३०० | |
| ञ | नाम, थर, जन्म मिति संसोधन सिफारीस | २०० | |
| ट | सर्जमिन शुल्क | ५०० | |
| ठ | अमिन शुल्क प्रति पटक | १००० | |
| ५ | **विधुत जडान सम्वन्धी सिफारीस** | | |
| क | आर.सी.सी पक्की घर | ५०० | |
| ख | अन्य घर | ३०० | |
| ग | टेलिफोन जडान सम्वन्धी सिफारीस | ५०० | |
| घ | निजी धारा जडान सम्वन्धी सिफारीस | २०० | |
| ङ | चारीत्रिक सिफारीस | ३०० | |
| च | प्लटीङ शुल्क- २ रोपनी सम्म, सो भन्दा माथी ५ रोपनी सम्म प्रति १ रोपनी र सो भन्दा बढी प्रति १ रोपनी | १५००० प्रति रोपनि को ५००० | |
| छ | विधुत, टेलिफोन, खानेपानी सम्वन्धी नामसारी सिफारीस | ३०० | |
| ज | उद्योग स्थापना सिफारीस | १०००/५०० | |
| ६ | **अन्य दस्तुर** | | |
| क | निवेदन फारम प्रति पाना | २० | |
| ख | अनुसूची | २० | |
| ग | निवेदन दर्ता शुल्क | २० | |

| | | | |
|---|---|---|---|
| ७ | **भवन निर्माण दरखास्त फारम** | | |
| क | आर.सी.सीस घर | ५०० | |
| ख | ग्रामीण घर टहरा र अस्थायी घर टहरा | २५० | |
| ग | पति पत्नी सम्वन्ध विच्छेद निवृदन दस्तुर | २००० | |
| ९ | **जन्म मृत्यु बसाई सराई र सम्बन्ध विच्छेद** | | |
| क | विम्व दस्तुर | ५० | |
| ख | परिक्षा सम्बन्धी दरखास्त फारम शुल्क | १०० | |
| ग | कोटेसन फारम शुल्क | आर्थिक नियमावलि अनुसार | |
| घ | टेन्डर फारम शुल्क | आर्थिक नियमावलि अनुसार | |
| ङ | निवेदन नक्कल प्रति पाना | १० | |
| च | घर पालुवा कुकुर दर्ता र नविकरण दस्तुर | १०० | |
| छ | घर निर्माण नक्सा को नक्कल दस्तुर | ५०० | |
| ज | मिलापत्र दस्तुर प्रतिपक्ष | ५०० | |
| झ | बसाईसराई सेवा शुल्क | ५०० | |
| १० | **सम्पत्ति मूल्याङ्कन/आम्दानी प्रमाणित** | | |
| क | रु. ५० लाख सम्म प्रति लाख | १०० | |
| ख | रु. ५० लाख भन्दा माथि प्रति लाख | ५०० | |
| ग | अंश वण्डा र दान बकस मा | ३०० | |
| घ | गाउंपालीकाले तत्काल धितो मुल्यांकन गरेको सिफारीस ६ महिना भित्र पुन नविकरण गर्नु पर्दा लाग्ने दस्तुर को १० प्रतिशत | | |
| ११ | **सरसफाई शुल्क (साविक) गा.वि.स. छदाको शुल्क २५% थप गरिएको** | | |
| क | नियमित रुपमा सरसफाई हुने क्षेत्रमा मासिक | १०० | |
| ख | आंशिक रुपमा सरसफाई हुने क्षेत्रमा मासिक | ५० | |
| ग | ठुला होटल लाई तथा फेसहाउस, ठुला तरकारी पसल व्यबसायी हरुको मासिक | ३०० | |
| घ | साना होटल तथा रेष्टुरेन्ट | २०० | |
| १२ | **चारकिल्ला सिफारिस** | | |
| क | शाखा पिच | ६०० | |
| ख | ग्रावेल | ५०० | |
| ग | कच्चि | ४०० | |
| घ | बाटो नभएको | ३०० | |
| **१३** | **घरबाटोको सिफारिस** | | |
| च | शाखा पिच | ६०० | |
| छ | ग्रावेल | ५०० | |
| ज | कच्चि | ४०० | |
| झ | बाटो नभएको | ३०० | |

घर नक्सापास दस्तुर/ घर अभिलेखिकरण

| क स | भौतिक संरचनाको विवरण | करको दर प्रति व.फी | | |
|---|---|---|---|---|
| | | नक्सापास भवन श्रेणी | | |
| | | १ | २ | ३ |
| १ | **आर सि.सि.फ्रेम स्ट्रक्चर** | | | |
| क | भुमिगत तल्ला | ४.०० | ३.०० | २.०० |
| ख | भुई तल्ला | ४.०० | ३.०० | २.०० |
| ग | पहिलो तल्ला | ५.०० | ४.०० | ३.०० |
| घ | दोश्रो तल्ला | ६.०० | ५.०० | ४.०० |
| ङ | तेश्रो तल्ला र तेश्रो तल्लाभन्दा माथि | ७.०० | ६.०० | ५.०० |
| च | सिमेन्टको जोडाइमा इट्टा वा ढुंङाको गारो न्यूनतम २३ से.मि. मोटाई आर.सि.सि. टायल जस्तापाता छाना | २.०० | १.५० | १.०० |
| छ | माटोको जोडाईमा इट्टा वा ढुंगाको गारो न्यूनतम २३ से.मि. मोटाई आर.सि.सि. जस्ता पाता छाना | २.०० | १.५० | १.०० |

| | | | | |
|---|---|---|---|---|
| ज | माटोको जोडाईमा इट्टा वा ढुंगाको गारो न्यूनतम २३ से.मि. मोटाई मा इट्टा तथा ब्लकको गारो १० देखि १५ से.मि. मोटाई जस्तापाता स्केल छाना | १.५० | १.५० | १.०० |

**निर्णय नं. ३.** रुपा गाउँकार्यपालिकाबाट स्वीकृतीको लागि पेश भएको रुपा गाउँपालिकाको विनियोजन ऐन २०७७ स्वीकृत गरि पास गरियो। आगामी आर्थिक वर्ष २०७७०७८ का लागि श्रोत आंकलन गरे भन्दा बाहेकको रकम नेपाल सरकार, गण्डकी प्रदेश सरकार तथा अन्तर स्थानीय तहबाट प्राप्त हुने अन्य चालू खर्च, पूँजिगत खर्च शशर्त अनुदान, निशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान लगायतका रकमहरु गाउँपालिकामा प्राप्त हुन आएमा गाउँ कार्यपालिकाको बैठकले आवश्यकता अनुरुप विनियोजन गरी गाउँ कार्यपालिकाको कार्यालयवाट खर्च गर्ने र आगामी गाउँसभा अधिवेशनमा अनुमोदन गराउने निर्णय गरियो।

**निर्णय नं. ४** रुपा गाउपालिकाको आर्थिक वर्ष २०७७/०७८ को आय व्ययको प्रस्ताब स्वीकृत गर्ने निर्णय गरियो।

| रुपा गाउँपालिका कास्की को आ.ब. २०७७/०७८ को प्रस्तावित आय विवरण | | | |
|---|---|---|---|
| | शिर्षक | आ.व २०७६/०७७ को आय व्यय | आ.व २०७७/०७८ को अनुमान |
| आय : | | | |
| | राजश्व | | |
| | आन्तरिक आम्दानी | १०५०००००.०० | १०५००००० |
| | राजश्व वाँडफाड केन्द्र | ५३९०००००.०० | ५६३१२६५० |
| | राजश्व बाँडफाँड प्राप्त प्रदेश | २३६२०००.०० | २६९९००० |
| | अन्य आय ( गत वर्षको अ ल्या) | १८६३८०००.०० | ३३८००००० |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ५००००००० |
| | नेपाल सरकारबाट प्राप्त रकम | | |
| | संघको वित्तिय समानिकरण | ७५२०००००.०० | ७८२००००० |
| | - शसर्त अनुदान | १३८७०००००.०० | १८८१०००००० |
| | प्रदेश सरकार वित्तिय समानिकरण बाट प्राप्त रकम | १२००००००.०० | १२०७०००० |
| | अन्तर स्थानीय तहबाट प्राप्त | | |
| | जनसहभागिता | | |
| | सामाजिक सुरक्षा अनुदान | ६००००००.०० | |
| | नगद सहभागिता | | |
| | श्रम तथा वस्तुगत सहायता | | |
| | | ३७१३०००००.०० | ४३१६८१६५० |
| व्यय : | | | |
| | चालु खर्च | ४४६०००००.०० | ५०१२४७५२ |
| | पूँजिगत खच | १२८००००००.०० | १४८०२४३८० |
| | शसर्त अनुदान | १३८७०००००.०० | १८८१०००००० |
| | सामाजिक सुरक्षा भत्ता | ६००००००.०० | |
| | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | ४५४३२५१८ |

| | | | |
|---|---|---|---|
| बजेट बचत (+) न्यून (-) | | ३७१३00000.00 | ४३१६८१६५0 |
| वित्तीय व्यवस्था : | | | |
| | खुद ऋण लगानी | | |
| | ऋण लगानी (-) | | |
| | ऋण लगानीको सावाँ फिर्ता प्राप्ती (+) | | |
| | खुद शेयर लगानी | | |
| | शेयर लगानी (-) | | |
| | शेयर विक्रीबाट लगानी फिर्ता प्राप्ती (+) | | |
| | खुद ऋण प्राप्ती | | |
| | ऋणको साँवा भुक्तानी (-) | | |
| | ऋण प्राप्ती (+) | | |
| | | ३७१३00000.00 | ४३१६८१६५0 |

**निर्णय नं. ५.** रुपा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को लागि बार्षिक विकास कार्यक्रमको लागि बजेट तथा योजना तर्जुमा समितिको प्रस्तावनामा उल्लेख भएका योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| रुपा गाँउपालिकाको आ व ०७७।०७८ को योजना तथा कार्यक्रमहरु | | | |
| क) पूँजीगत बजेट कार्यक्रम तथा योजनाहरु | | | |
| क.स | आयोजनाको नाम र आयोजना सञ्चालन हुने स्थान | | अनुमानित लागत |
| आर्थिक विकास | | | |
| आपूर्ति | | गा पा | ५००००० |
| उद्योग | | | ५००००० |
| १ | चिसापानि सेलार राइस मिल | वडा न ५ | २००००० |
| २ | अन्य उधोगजन्य प्रयोजन | गा.पा. | ३००००० |
| कृषि विकास | | | १२६००००० |
| १ | भुमि बैक स्थापना | गा पा | २५००००० |
| २ | एकघर एक करेसाबारी | गा पा | १५००००० |
| ४ | एकवडा एक नर्सरी | गा पा | १५००००० |
| ५ | कृषीएम्बुलेन्स उत्पादनमा आधारीत ढुवानी | गा पा | १०००००० |
| ६ | बादरव्यवस्थापन | गा पा | ५००००० |
| ७ | कृषिउपज संकलन केन्द्र तथा कोल्ड स्टोर ब्यबस्थापन | गा पा | ६००००० |
| ८ | कृषी मल बिउ बिजन बितरण | गा पा | ५००००० |
| ९ | कृषीयान्त्रिकरण | गा पा | १०००००० |
| १० | कृषी समुह गठन तथा कृषक प्रोत्साहन कार्यक्रम | गा पा | ५००००० |
| ११ | जग्गाचक्लाबन्दी कार्यक्रम | गा पा | २०००००० |
| १२ | पशु जोखिम कोष | गा पा | १०००००० |

| | | | |
|---|---|---|---|
| | जलश्रोत तथा सिंचाई | | ५५०००००० |
| १ | ढाडखोला खनालटार कुलो | १ | ५०००००० |
| २ | काउरे, सोती, गामखेत बतासे रयाले कुलो मर्मत | २ | ६०००००० |
| ३ | उपल्लोडबके कुलो | ३ | १०००००० |
| ४ | दोभानेखोला छव्यादी, लाम्टेको कुलो मर्मत | ४ | ६०००००० |
| ५ | लंगेटारी कूलो निर्माण,हल्लार खेत कूलो निर्माण,बेगने कुना कूलो निर्माण,संहेला कूलो निर्माण,आँपूखोला मिश्री कूलो निर्माण,चिसापानी डिही कूलो निर्माण | ५ | ७०००००० |
| ६ | पुरणडीखोला, भारपोला, बराहथोक, टारिखेत, तालबेशि, सिन्नेरी, भोर्लेकुलो | ६ | ८०००००० |
| ७ | निकासकोकुलो, कालिमाटी एक्लेखेत, गुरुङको पोखरी, लामपाटा धारापानी, कुसुण्डे, कपासे, धारी आरुबोटे | ७ | ८०००००० |
| ८ | बिर्दिखोला अमारे कुलो | २ | ५०००००० |
| ७ | | | |
| | पर्यटन | | ३०००००० |
| १ | कोटभैरव पुर्वाधार निर्माण योजना | ६ | ५०००००० |
| २ | अकलादेवी सुन्दरदेवी व्यबस्थापन | ३ | ५०००००० |
| ३ | स्याक्लुनघडेरी आमा समुह मन्दिर देउरालि आमा समुह मन्दिर | ७ | ५०००००० |
| ४ | कालिका भ्यु टावर | ५ | ५०००००० |
| ५ | जोगिमणि मन्दिर व्यवस्थापन तथा मदरसा संरक्षण | ६ | ५०००००० |
| ६ | गोरखा कालिका मन्दिर | ४ | ५०००००० |
| | पशुपंक्षी विकास | | ९४०००००० |
| १ | भकारो सुधार कार्यक्रम | गा.पा. | १५०००००० |
| २ | नश्ल सुधार कृषक अनुदान | गा.पा. | १०००००० |
| ३ | औषधि खरिद तथा पशु स्वास्थ्य सिविर कार्यक्रम तथा तालिम | गा.पा. | १०००००० |
| ४ | कृषक अनुदान कार्यक्रम | गा.पा. | १०००००० |
| ५ | पशुपालनमा वित्तिय संस्था संग समन्वय गरी ब्याज अनुदान कार्यक्रम | गा.पा. | २०००००० |
| ६ | सबै वडामा व्यवस्थित बधशाला निर्माण | गा.पा. | १४०००००० |
| ७ | पशुसेवा सामाजिक परिचालक (प्राबिधिक) यातायात ब्यवस्थापन | गा.पा. | ५०००००० |
| ८ | लागत साझेदारीमा पशुपालन कार्यक्रम | गा.पा. | १०००००० |
| | वन | | ५०००००० |
| | भुमि व्यबस्था | | ५०००००० |
| १ | भू संरक्षण कार्यक्रम | | |
| २ | बाढी पहिरो नियन्त्रण कार्यक्रम | | |
| ३ | विविध | | |
| | वाणिज्य | | ५०००००० |
| ९ | व्यापार प्रबर्द्धन कार्यक्रम | गा.पा. | ५०००००० |
| | वित्तिय क्षेत्र | | ३०००००० |
| | सहकारी | | १०००००० |
| ९ | सहकारी प्रबर्धन | गा.पा. | १०००००० |
| | पूर्वाधार विकास | | |
| | उर्जा | | १०००००० |
| १ | सोलार लिफ्टिङ तथा सौर्य बत्ती, बायोग्यास | गा.पा. | १०००००० |
| | विज्ञान प्रविधि | | २०००००० |
| ९ | प्राबिधिक बिद्यालय हरुको एकिकरण ब्यवस्थापन तथा शिक्षक प्रोत्साहन | गा.पा. | २०००००० |

| | | | |
|---|---|---|---|
| भवन आवास तथा सहरी विकास | | | ४९०००००० |
| १ | दलितबहुद्धेश्यिय भवन,दिवा मनोरञ्जन पारिवारीक मिलान केन्द्र सचेतना भवन | २ | ६०००००० |
| २ | जोगिडाडा आमा समुह र टाकाञ्जा सामुदायीक भवन | ३ | ५०००००० |
| ३ | बागेडाडा तमु समाज भवन,माउडाडा आमा समुह, गैह्रापोखरी सामुदायीकभवन | ४ | ८०००००० |
| ४ | रेडक्रसको भवन, जेष्ठनागरीक दिवा मनोरञ्जन सचेतना मिलान केन्द्र, रामदी बहुउदेश्यीय भवन | ५ | ८०००००० |
| ५ | सप्तरंगी युवा क्लव भवन, भंगरा तालबराही मन्दिर | ६ | ५०००००० |
| ६ | काउरे सामुदायीक भवन, माझगाउ बहुउद्धेश्यीय भवन,तमु ह्युला धि भवन तालबेशी | ७ | ७०००००० |
| ७ | हातेमालो आमा समुह भवन संरक्षण, खडागाउ कोट घर निर्माण | ५ | ५०००००० |
| ८ | सबदाह र चण्डी आमा समुह भवन निर्माण | ६ | ५०००००० |
| यातायात पूर्वाधार | | | ६७०००००० |
| १ | शिवचण्डी मोटरवाटो १ र २ | १,२ | १०००००० |
| २ | थुम्कि रुपाकोट मो बा | | ५०००००० |
| ३ | बागेडाडा स्यालडाडा नेपालपाखा मो बा | ४ | ५०००००० |
| ४ | रामदी माउडाडा खाल्टे मो बा | ४ | ५०००००० |
| ५ | देउराली बिमिरे दाह्रेगौडा फेदि मो बा | ५ | ५०००००० |
| ६ | भिरचोक तालबेशि मो बा | ६ | १०००००० |
| ७ | फालभञ्जाङ, आपुखोला खोलाछेउ बिर्ताकुना चिसाकुना, निगालोझाक्रो मोबा | ६ | ७०००००० |
| ८ | फैचोक खाल्टे मो बा | ४ | ५०००००० |
| ९ | काउरे धारापानि डिस्टागाउ ईन्द्रगुफा हुदै राम्चे मो बा | ७ | ५०००००० |
| १० | हुलाकि राजमार्ग | ५ | ५०००००० |
| ११ | मोहोरिया बाट माझकोट जाने बाटो | २ | ५०००००० |
| संचार तथा सूचना प्रविधी | | | ५०००००० |
| सामाजिक विकास | | | |
| खानेपानी तथा सरसफाई | | | ९४०००००० |
| १ | सिम्लेपाखा गौरीस्वारा दुवाचौर खानेपानि | ७ | १०००००० |
| २ | देउराली फेदी खानेपानी एक घर एक धारा | ५ | १०००००० |
| ३ | खाल्टे खानेपानी निर्माण | ४ | ७०००००० |
| ४ | साखर गडुवाखोला ढुङ्गाडे मुलपानि बागेडाडा नेपालपाखा खानेपानिआयोजना | ३ | १०००००० |
| ५ | चापपानीखापा तथा कमेरेखोला खानेपानी योजना | ३ | ६०००००० |
| ६ | रैकर वेशी ,कुवापानी काउरे खानेपानी ट्याङ्की निर्माण | १ | १०००००० |
| ७ | दलितबस्ती खानेपानी, चाप्लेखोला ट्याङ्की मर्मत तथा अन्य मर्मत | २ | ५०००००० |
| ८ | नेपालपाखाटाकाञ्जा फैचोक खापामर्मत | ३ | ६०००००० |
| ९ | आत्मनिर्भर, टारिकुना ,दाह्रौडा , खडागा खानेपानी तथा मुहान सरक्षण | ५ | १०००००० |
| १० | धारापानि, खरबारीटुडो कुवा, आपुखोला, चिसापानि ,ठुलो पधेरा , पहेरे, खानेपानि मर्मत | ६ | १०००००० |
| ११ | सिमलचौर, डढुवा, जुकेपानी, पहिराको पधेरो, स्याक्लुङ धारापानी, कारे गाछेपानी, ठुलोपधेरो, डिस्टिनिगाडे, कडुजेको पधेरो खानेपानी मुल संरक्षण | ७ | १०००००० |

| | | | |
|---|---|---|---|
| १२ | | | |
| | जनसङख्या तथा बसाइसराई | | |
| १ | जनसङख्या तथा बसाइसराई | | २०००००० |
| | भाषा तथा संस्कृति | | १०००००० |
| ३ | शहिद पार्क निर्माण (टाकन्जा) | रुपा ३ | १०००००० |
| | युवा तथा खेलकुद | | २०००००० |
| १ | एक वडा एक खेलमैदान कार्यक्रम | गा.पा. | ७००००० |
| २ | छापडाडा खेलमैदान | १ | ५००००० |
| ३ | अध्यक्ष कप | गा.पा. | ८००००० |
| | लैगिक समानता तथा सामाजिक समावेशीकरण | | ३५००००० |
| १ | महिला सशक्तिकरण तथा उत्थान कार्यक्रम | गा.पा. | १०००००० |
| २ | महिला बेचबिखन तथा हिंसा नियन्त्रण कार्यक्रम | गा.पा. | १००००० |
| ३ | जेष्ठ नागरीक सम्मान कार्यक्रम | गा.पा. | २००००० |
| ४ | वालवालिका सम्बन्धी कार्यक्रम | गा.पा. | २००००० |
| ५ | अपाङ्ग सम्वन्धी कार्यक्रम | गा.पा. | ३००००० |
| ६ | दलित उत्थान | गा.पा. | १०००००० |
| ७ | जनजाति सस्कर्ति संरक्षण | गा.पा. | ५००००० |
| ८ | जलारि बोटे मुस्लिम कुमाल | गा.पा. | २००००० |
| | शिक्षा | | ७४००००० |
| १ | प्र.अ. , कक्षा शिक्षक , बालबिकास सहजकर्ता प्रोत्साहन | गापा | ६५०००० |
| २ | शिक्षक संगको साझैदारीमा प्रविधिमैत्रि शिक्षाको लागि एक शिक्षक एक ल्यापटप गापालिकाकोमा २५ प्रतिशत साझेदारी | गापा | १६००००० |
| ३ | गा.पा. भित्रका सबै सामुदायीक बिद्यालयमा प्राथमिक उपचार सामाग्रि खरिद कार्यक्रम | गापा | २९०००० |
| ४ | अंग्रजी माध्यमका लागि पाठ्यपुस्तक अनुदान कार्यक्रम | गापा | १०००००० |
| ५ | शिक्षक डायरी शैक्षिक क्यालेण्डर | गापा | २००००० |
| ६ | निजि स्रोत शिक्षक पोशाक | गापा | २००००० |
| ७ | शिक्षक तालिम कार्यशाला अभिमुखिकरण अन्य कार्यक्रम | गापा | १०६०००० |
| ८ | स्थानिय पाठ्यक्रम निर्माण | गापा | २००००० |
| ९ | राष्ट्रपति रनिङ्ग शिल्ड तथा शिक्षा दिवस | गापा | ४००००० |
| १० | पठन प्रतियोगिता तथा उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | गापा | ७५००० |
| ११ | बैकल्पिक तरिकाबाट शिक्षण सहजिकरण तथा अन्य कार्यक्रम | गापा | ५००००० |
| १२ | शैक्षिक व्यबस्थापन तथा विधालय अनुगमन सुपरिबेक्षण | गापा | ५००००० |
| १३ | बिधालयहरुमा ईन्टरनेट जडान | गापा | ७२५००० |
| | जि स स गाउँपालिका र प्रधानमन्त्री रोजगार कार्यक्रमको साझेदारीमा | | ८८००००० |
| १४ | देउरालि आ वी कम्पाउण्ड र सिडी निर्माण | ७ | ५००००० |
| १५ | अरुणोदय आ वि कम्पाउण्ड | ७ | ५००००० |
| १६ | रामकोट मा वि | ७ | १००००० |
| १७ | पृथ्विरुपा मा वि | ६ | १५००००० |
| १८ | भैरवी, गाउफर्क, बिरेन्द्र कम्पाउण्ड | ५ | ५००००० |
| १९ | बिश्वशान्ती मा वि | ५ | ५००००० |

| | | | |
|---|---|---|---|
| २० | महेन्द्र आ वि | ४ | ५००००० |
| २१ | गाउफर्क मा वि | ४ | ५००००० |
| २२ | माइमैदान आ वि, वागेश्वरीआ वि | ३ | ६००००० |
| २३ | ज्योतिप्रकाश आ वि | ६ | ३००००० |
| २४ | शिवालय मा वि | २ | ५००००० |
| २५ | कुलेश्वर आ वि | २ | ३००००० |
| २६ | रिठुमाला आ वि व्यवस्थापन तथा सिढि बाटो मर्मत | १ | ६००००० |
| २७ | कालिका मा वि | १ | ५००००० |
| २८ | सुर्योदय, कमला आ वि | ६ | ५००००० |
| २९ | इन्द्रायणि, सरस्वति | ७ | ५००००० |
| ३० | कल्प आ वि | ४ | ४००००० |
| | स्वास्थ्य | | ६०००००० |
| १ | कोरोना बिरुद्ध को अभियान तथा सर्ने नसर्ने रोगको तालिम तथा ब्यबस्थापन,सचेतना कार्यक्रम | गा.पा. | ६००००० |
| २ | सबै स्वास्थ्य सस्था ब्यबस्थापन | गा.पा. | ७००००० |
| ३ | एक टोल एक सटेचर | गा.पा. | १००००० |
| ४ | महिला स्वास्थ्य संयमसेबिका प्रोत्साहन तथा अनुगमन | गा.पा. | ३००००० |
| ५ | गाउ घर क्लिनिक प्रबर्धन | गा.पा. | १७०००० |
| ६ | मुख स्याहार कार्यक्रम | गा.पा. | ६००००० |
| ७ | एम्बुलेन्स खरिद तथा ब्यबस्थापन | गा.पा. | १५००००० |
| ८ | स्वास्थ्य सिविर | गा.पा. | १००००० |
| ९ | अधारभुत स्वास्थ्य सेवा केन्द्र व्यबस्थापन | गा.पा. | १५०००० |
| १० | सुत्केरी प्रोत्साहन | गा.पा. | १५०००० |
| ११ | गर्भवती महिला क्याल्सियम खरिद | गा.पा. | १३०००० |
| १२ | औषधि खरिद | गा.पा. | ५००००० |
| १३ | अस्पताल तथा ल्याब ब्यबस्थापन | गा.पा. | १०००००० |
| १४ | | गा.पा. | |
| | सामाजिक सुरक्षा तथा संरक्षण | | ० |
| | सुशासन तथा अन्तरसम्बन्ध | | |
| | अनुगमन तथा मुल्याङकन | | २००००० |
| | कानुन तथा न्याय | | ५००००० |
| १ | मेलमिलापकर्ता छनोट तथा क्षमता बिकास | गा.पा. | २००००० |
| २ | न्यायिकसमितिको कार्य सम्पादन कार्यक्रम | गा.पा. | ३००००० |
| | गरिवी निवारण | | १०००००० |
| १ | आय आर्जन तथा सचेतना कार्यक्रम | गा.पा. | १०००००० |
| | तथ्यांक प्रणली | | ३००००० |
| १ | तय्याङकप्रणालि ब्यबस्थापन | गा.पा. | ३००००० |
| | प्रशासकिय सुशासन | गा.पा. | २००००० |
| | मानव संशाधन विकास | गा.पा. | २००००० |
| | योजना तर्जुमा र कार्यान्वयन | गा.पा. | २००००० |
| | वातावरण तथा जलवायु | गा.पा. | ५००००० |
| १ | हाँस पोखरी सरक्षण | ७ | ५००००० |

| | | | |
|---|---|---|---|
| | वित्तिय सुशासन | | २०००००० |
| १ | वित्तिय सुशासन | गा.पा. | २०००००० |
| | श्रम तथा रोजगारी | | १०५०००००० |
| १ | सबै वडाका युवा तथा स्वरोजगार कोष स्थापना बित्तिय संघ सस्था संगसाझैदारी तथा स्थापना कार्यक्रम | गा.पा. | १५००००००० |
| | शान्ती तथा सुव्यवस्था | | ५०००००० |
| १ | सुरक्षा योजना तयारी तथा कार्यान्वयन | | |
| | शासन प्रणली | गा.पा. | ५०००००० |
| | वडागत योजना | | |
| १ | वडा नं | १ | ६८२७८२ |
| २ | वडा नं | २ | ५७४३८१ |
| ३ | वडा नं | ३ | ५९५५९० |
| ४ | वडा नं | ४ | ६७६३७० |
| ५ | वडा नं | ५ | ८५४९२४ |
| ६ | वडा नं | ६ | १०८२७१० |
| ७ | वडा नं | ७ | ९०७६२३ |
| | | | ५३७४३८० |
| | समपुरक | | २८०००००० |
| १ | रामकोट रामदि मो वा | | ३५०००००० |
| २ | ७ न वडा कार्यलयजोड्ने सडक | | ४०००००० |
| ३ | ४ न वडा कार्यलयजोड्ने सडक | | ३५००००० |
| ४ | ५ न वडा कार्यलयजोड्ने सडक | | ३०००००० |
| ५ | खानेपानी | | २१४८०००० |
| ६ | भवन | | ३०००००० |
| ७ | उर्जा तथा अन्य | | १०००००० |
| ८ | कृषि र पशु कार्यक्रम | | २०००००० |
| ९ | युवा तथा खेलकुद | | १३८२५१८ |

**निर्णय नं. ६** रुपा गाउपालिकाको आर्थिक वर्ष २०७७/०७८ को चालु तर्फको व्ययको प्रस्ताबलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| **सि.न.** | **संकेतन.** | **खर्च शिर्षक** | **अनुमानित बजेट** |
|---|---|---|---|
| १ | २११११ | कर्मचारी पारिश्रमिक | १५०००००००।०० |
| २ | २१११२ | पदाधिकारी पारिश्रमिक | ६,८००,०००।०० |
| ३ | २११२१ | पोशाक | ३३०,०००।०० |
| ४ | २११३२ | महंगीभत्ता | ८०४,०००।०० |
| ५ | २११३३ | फिल्डभत्ता | ९३६,०००।०० |
| ६ | २११३४ | कर्मचारीबैठक भत्ता | २००,०००।०० |
| ७ | २११३५ | कर्मचारी प्रोत्साहन र पुरस्कार | ५००,०००।०० |

| | | | |
|---|---|---|---|
| ८ | २११३९ | अन्य भत्ता | २००,०००।०० |
| ९ | २११४१ | पदाधिकारीबैठक भत्ता | ७००,०००।०० |
| १० | २१२१२ | कर्मचारीकोयोगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १३०,७५२।०० |
| ११ | २१२१४ | कर्मचारीकल्याण कोष | १००,०००।०० |
| १२ | २२१११ | पानी तथाबिजुली | ३००,०००।०० |
| १३ | २२११२ | संचारमहसुल | ४००,०००।०० |
| १४ | २२२११ | इन्धनपदाधिकारी | ५००,०००।०० |
| १५ | २२२१२ | इन्धनकार्यलय प्रयोजन | २,०००,०००।०० |
| १६ | २२२१३ | सवारी साधनमर्मत | २,५००,०००।०० |
| १७ | २२२१४ | विमा तथानविकरण | २००,०००।०० |
| १८ | २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३००,०००।०० |
| १९ | २२२३१ | निर्मितसार्वजनिक सम्पतिको संभार खर्च | ३००,०००।०० |
| २० | २२३११ | मसलन्द तथाकार्यालय सामाग्री | १,४००,०००।०० |
| २१ | २२३१३ | पुस्तक तथासामाग्री खर्च | १००,०००।०० |
| २२ | २२३१४ | इन्धन -अन्य प्रयोजन | २००,०००।०० |
| २३ | २२३१५ | पत्रपत्रिकाछपाइ तथा सुचना प्रकाशन खर्च | ४००,०००।०० |
| २५ | २२४१३ | करार सेवासुल्क | ५,०००,०००।०० |
| २६ | २२५१२ | सिप विकासतथा जनचेतना तालिम तथा गोष्ठी सम्वन्धि खर्च | १,०००,०००।०० |
| २७ | २२५२२ | कार्यक्रमखर्च | १,२००,०००।०० |
| २८ | २२६११ | अनुगमनमुल्याङ्कन खर्च | १,०००,०००।०० |
| २९ | २२६१२ | भ्रमणखर्च | ४००,०००।०० |
| ३० | २२७११ | विविधखर्च | १,७००,०००।०० |
| ३१ | २२७२१ | सभासञ्चालन खर्च | ८००,०००।०० |
| ३२ | २८१४२ | घरभाडा | २००,०००।०० |
| ३३ | २८१४३ | सवारी साधन तथा औजार भाडा | ६००,०००।०० |
| ३४ | २८२१९ | अन्यफिर्ता | |
| ३५ | | विविध कार्यक्रम खर्च | १,०००,०००।०० |
| **पुजिगत** | | | |

| | | | |
|---|---|---|---|
| ३५ | ३११२२ | मेशिनरी तथा औजार | ४00,000।00 |
| ३६ | ३११२१ | सवारी साधन खरिद | ४५0,000।00 |
| ३७ | ३११२३ | फर्निचर तथा फिक्चर्स | ३00,000।00 |
| ३८ | ३११३५ | पुजिगत परामर्श | ५00,000।00 |
| ३९ | | अन्य सार्बजनिक निर्माण | १,२00,000।00 |
| कुल जम्मा | | | ५००५०७५२।०० |

निर्णय नं. ७
रुपा गाउपालिकाभित्र कोभिड १९ को कारणले ब्यक्तिहरुको आर्थिक अबस्था झन कमजोर भएको अबस्था रहेकोले यस गाउपालिकाको वडा कार्यालयहरुबाट लिने घरजग्गा तथा मालपोत करमा यस आ व को कर मिति २०७७ असोज मसान्त सम्म बुझाउन आउनेलाई निर्धारण भएको करबाट ५० प्रतिशत छुट दिने निर्णय गरियो ।

निर्णय नं. ८
यस गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरु ईन्जिनियर श्री बिरेन्द्र तिवारी, कम्प्युटर अपरेटर श्री अशोक परियार र खा.पा. स.टे. श्री विश्वराज अधिकारीको आ.ब. २०७७।०७८ को लागि करार सम्झौता थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९
आर्थिक बर्ष २०७६।०७७ मा भएका रुपा गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु, कार्यालयको बिषयगत शाखागत कार्यालय, विषयगत समिति तथा कार्यालय सञ्चालनका सम्बन्धमा भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०
रुपा गाउँपालिकाको विपद् व्यबस्थापन ऐन अनुसारको तत्कालै व्यबस्थापन गर्नुपर्ने राहत तथा निर्माण कार्य, मर्मत साथै अन्य तत्काल गर्नुपर्ने कार्यको लागि गाउँसभाको यसअघिको निर्णयअनुसार नै गाउँपालिका अध्यक्षको तोकआदेश अनुसार रु एक लाख सम्म खर्च लेख्न सकिने गरि गाउँपालिका अध्यक्षलाइ अख्तियारी दिने निर्णय गरियो ।

निर्णय नं. ११
रुपा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि संघीय मन्त्रालयको नमूना तथा गाउँपालिकाको विस्तृत योजना अनुसार प्रदेश सरकार र संघीय सरकारसँग रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १२
रुपा गाउँपालिका वडा नं. ७ अन्तर्गतको हाङ्गेबाङ्गे, माझबेशी, ठूलाबेशी सडक खण्ड, वडा नं.१ र २ को शिवचण्डी मोटर बाटो, वडा नं. ५ र ४ मा पर्ने देउराली, रामदी, माउँडाँडा, फैँचोक सडक खण्ड, आँपुखोला देउराली खाल्टे सडक खण्ड स्तरोन्नतीका लागि प्रदेश र संघीय सरकारसंग रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नं. १३ रुपा गाउँपालिका अन्तर्गतका सडकहरुमा पर्ने खोलाहरुमा तपसिल बमोजिमका मोटोरेबल पुल तथा झोलुङ्गे पुल निर्माणको लागि गण्डकी प्रदेश सरकार र संघीय सरकारसंग रकम माग गर्नेः
तपसिलः

**<u>मोटरेवल पुल निर्माणको लागीः</u>**

वडा नं. १ र ३ मा पर्ने वृद्धि खोला,
वडा नं.३ र तनहुँ जोड्ने खाल्टेखोला पोल्याङ्ग,
विलमादे खोला पुल,
रुपा ३ र तनहुँ जोड्ने पुल,
वडा नं. ६ स्थित आँपुखोला,
वडा नं. ५ र पोखरा महानगरपालिका ३२ जोड्ने सहैँला,
वडा नं. ४ को खाल्टेखोला कडुजेमा

**<u>झोलुङ्गे पुलका लागीः</u>**
विर्दी र पोल्याङ्ग जोड्ने पुल
घुङ्गा खोला बाट वडा नं १ जोड्ने पुल
कोत्रे बचगाँइ चौतारा खाल्टे खोला पुल
विलमादे तनहुँ पाट्ने जोड्ने पुल
छिमाल गाउँ सिसाँघाट जोड्ने पुल
लोडिखोला ट्रष्ट झोलुङ्गेपुल
लाम्टे झोलुङ्गे पुल
सहेला देखी पोखरा महानगरपालिका जोड्ने पुल
देउराली फेदी देखी पोखरा महानगरपालिका जोड्ने पुल ।
आपुखोला रुपा ५ र ६ जोड्ने झोलुङ्गे पुल
खरबारी टुडा देखी पोखरा महानगरपालिका ३२ जोड्ने पुल ।

निर्णय नं. १४ जिल्ला समन्वय समितिबाट प्राप्त हुने रकम सम्बन्धित कार्यालयको नीति अनुसार रुपा गाउँपालिकाको गाउँसभाको निर्णय अनुसार विद्यालय, खानेपानी र स्वास्थ्य क्षेत्रमा साझेदारीमा गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ गाउँपालिकाभित्रका विकास निर्माणका विषयमा संघीय सरकार तथा प्रदेश सरकारबाट साझेदारीमा माग हुने योजनाहरुको लागी तत्काल निर्णय गर्नुपर्ने भएमा र गाउँपालिकाको विभिन्न कार्यालयबाट आउने रोयल्टी बापत र छुट्याउनुपर्ने १ लाख भन्दा माथिको बजेट तत्काल छुट्याई गर्नुपर्ने योजनाको लागि निर्णय गर्न गाउँ कार्यपालिका बैठकलाई त्यस्तो निर्णय पश्चात तत्काल बस्ने गाउँसभाबाट अनुमोदन गराउनेगरी अख्तियारी प्रदान गर्ने ।

निर्णय नं १६ गाउँपालिकाको विधायन समितिबाट प्रस्ताव पेश भइआएको निम्नानुसारका कानूनहरु उपर दफावार रुपमा छलफल गरी स्विकृत गरियोः
निम्नः

(क) रुपा गाउँपालिका कास्कीको सहकारी ऐन, २०७७
(ख) रुपा गाउँपालिका कास्कीको वन ऐन, २०७७
(ग) रुपा गाउँपालिका कास्कीको संस्था दर्ता ऐन, २०७७

निर्णय नं १७ गाउँपालिका र उकाली ओराली निर्माण सेवाविच फेरोसिमेन्ट ट्याङ्क निर्माणको लागी मिति २०७६ असोज मसान्तसम्मको कार्यसम्झौता थप भएकोमा स्थानीय उपभोक्ताहरुबाट मुहानदेखी पाइपलाइन खन्ने कार्यमा ढिलाइ गरेको तथा ट्याङ्कमा प्राविधिक जाँच तथा पानिको टेस्ट गर्ने कार्य सम्पन्न हुन नसकेकोले

उक्त कार्य गराउनका लागी तथा प्राविधिक जाँचपाँसको लागी तथा पाइपलाइन विस्तार कार्यसम्पन्नको लागी मिति २०७७ असोज मसान्तसम्मको लागी म्याद थप गरी योजनालाइ निरन्तरता दिने निर्णय गरियो

आजको गाउँसभा वैठक समापन गरियो ।

मिति २०७७ साल असार ८ गते सोमबार बसेको गाउँसभाको बैठकले उपर उल्लेखित निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९, उपदफा ८ तथा गण्डकी प्रदेश सरकारबाट स्विकृत स्थानीय तहको सभा सञ्चालन सम्बन्धी (कार्यविधि) ऐन, २०७५ को दफा १९ उपदफा १ बमोजिम प्रमाणित गर्दछु ।

... ... .... ... ...
(नवराज ओझा)
अध्यक्ष
रुपा गाउँपालिका कास्की

मितिः २०७७।